**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ नवम्बर २०२५**
**समयः १८.५० - १६:०० बजे**

- गृहमंत्री अमित शाहले दिल्ली विस्फोटपछि सुरक्षा स्थितिको समीक्षा गर्नु भयो, गृह मन्त्रालयले घटनाको जाच एनआईए.लाई हस्तान्तरण गरेको छ।

- दिल्लीमा भएको विस्फोटपछि कोलकाताको ईडन गार्डन्स स्टेडियममा हुने भारत र दक्षिण अफ्रिका टेस्ट म्याचको लागि सुरक्षा व्यवस्था कडा पारिएको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले लाभा उच्चतर माध्यमिक विद्यालयको भुइँतला अनि चार तल्ले भवन निर्माण कार्यको विधिवत शिलान्यास गर्नु भएको छ।

- संसाद राजु विष्टले विनाशकारी पहिरो र बाढीका पीडितहरूका एसडीआरएफको विनियोजन तत्काल जारी गर्न आग्रह गर्दै बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसलाई पत्र लाख्नु भएको छ I

- पश्चिम बंगालका पूर्व मन्त्री पार्थ च्याटर्जीलाई हिज अदालतले जमानत दिएपछि आज दिउँसो रिहा गरिएको छ।

**<u>गृहमन्त्री-दिल्ली विस्फोट</u>**

गृहमन्त्री अमित शाहले दिल्लीको लाल किल्ला नजिक भएको कार बम विस्फोट पछिको अवस्थाको आकलन गर्न आज आफ्नो निवासमा उच्चस्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा केन्द्रीय गृह सचिव, गुप्तचर ब्यूरोका निर्देशक, दिल्ली पुलिस आयुक्त र राष्ट्रिय जाच एजेन्सीका महानिर्देशक उपस्थित थिए। जम्मू कश्मीरका पुलिस महानिदेशक पनि भर्चुअल रूपमा बैठकमा सामेल हुनुभयो। गृह मन्त्रालयले घटनाको जाच राष्ट्रिय जाच एजेन्सी (एनआईए) लाई हस्तान्तरण गरेको छ। शहरका सबै संवेदनशील क्षेत्रहरूमा सुरक्षा कडा पारिएको छ। अधिकारीहरूले विस्फोटको कारण पत्ता लगाउन र सार्वजनिक सुरक्षा सुनिश्चित गर्न उच्च सतर्कता अपनाइरहेका छन्। दिल्ली मेट्रो रेल निगमले सुरक्षा कारणले गर्दा लाल किल्ला मेट्रो स्टेशन बन्द रहने बताएको छ। अन्य सबै स्टेशनहरू सामान्य रूपमा सञ्चालन भइरहेका छन्। हिजो लाल किल्ला नजिकै भएको विस्फोटमा आठ जनाको मृत्यु भएको छ भने धेरै जना घाइते भएका छन्।

**<u>बिहार चुनाव</u>**

बिहारमा विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको मतदान समाप्त भयो। साँझ 5 बजी सम्म 67 दशमलव 14 प्रतिशत मतदानको रिपोर्ट प्राप्त भएको छ। यस चरणमा बीस जिल्लाका 122 निर्वाचन क्षेत्रहरुमा मतदान भयो। तीन करोड़ सत्तर लाख भन्दा बढी मतदाताहरुले एक हजार तीनसय दुई उम्मेदवारहरूको राजनीतिक भाग्यको निर्णय गर्नेछन्। किशनगंज, कटिहार र पूर्णियामा रिकर्ड मतदान भएको छ, जुन 70 प्रतिशत भन्दा बढ़ी रह्यो। किशनगंजमा सर्वाधिक 76.26 प्रतिशत मतदान भएको खबर छ। विधानसभा चुनावको पहिलो चरणको मतदान यस महिनाको 6 तारिख भएको थियो। मतगणना 14 नोभेम्बरको दिन हुनेछ।

**<u>ईडन गार्डन्स - सुरक्षा</u>**

दिल्लीमा भएको विस्फोटपछि, नक्सलवादी वा आतंकवादी षड्यन्त्रको आशंकाबीच कोलकाताको ईडन गार्डन्स स्टेडियममा हुने भारत र दक्षिण अफ्रिका टेस्ट म्याचको सुरक्षा कडा पारिएको छ। पहिलो टेस्ट शुक्रबार इडेन गार्डेनमा सुरु हुँदैछ र कोलकाता पुलिसले म्याच अघि नै सुरक्षा व्यवस्था कठोर पारिसकेको छ। दुबै टोलीले चाँडै नै इडेन गार्डेनमा अभ्यास सत्र सुरु गर्ने कार्यक्रम छ। यसैबीच, पुलिसले स्टेडियम र वरपरका क्षेत्रहरूमा सुरक्षा व्यवस्थाको गहन समीक्षा सुरु गरेको छ।

**अनित थापा -लाभा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले लाभा उच्चतर माध्यमिक विद्यालयको भुइँतला तथा चार तल्ले भवन निर्माण कार्यको विधिवत शिलान्यास गर्नु भएको छ । शिलान्यास समारोहमा श्री थापासंगै कालेबुंगका विधायक रूदेन सादा लेप्चा, उप–मुख्य कार्यपाल सञ्चबिर सुब्बा साथै क्षेत्रीय प्रशासकहरूको उपस्थिति रहेको भयो। कार्यक्रमलाई सम्बोधन गर्नु हुदै विधायक रूदेन सादा लेप्चाले आजको शिलान्यास कार्यक्रमले केवल लाभा मात्र नभएर, सम्पूर्ण कालेबुङलाई गर्वको अनुभूति गराएको बताउनु भयो। उहाले यो भवन निर्माण लाभाको विकास यात्रामा एउटा ठूलो कदम रहेको र आगामी दिनमा लाभामा यस्ता विकासमुखी परियोजनाहरू अझ आउने बताउनु भयो। श्रे लेप्चाले अनित थापाको नेतृत्वलाई लाभाले अङ्गालेको कारण यहाँ निरन्तर विकास सम्भव भएको बताउनु हुदै जीटीए प्रमुखप्रति आभार पनि प्रकट गर्नु भयो I आज शिलान्यास गरिएको निर्माण योजनाको लागत ५ करोड ३ लाख रूपियाँ रहेको छ।

**राजु विष्ट**

दार्जिलिङका संसाद राजु विष्टले पहाड, तराई र डुवर्स क्षेत्रमा आएको विनाशकारी पहिरो र बाढीका पीडितहरूका लागि राज्य आपद प्रतिक्रिया कोष (SDRF) को विनियोजन तत्काल जारी गर्न आग्रह गर्दै पश्चिम बंगालका राज्यपाल महामहिम डा. सी.भी. आनन्द बोसलाई पत्र लाख्नु भएको छ I श्रे विष्टले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै सो कुराको जानकारी गराउनु भएको छ I उहाले पत्रमा राज्य सरकारको कुप्रबंधन र भेदभावपूर्ण नीतिहरुमा चिन्ता व्यक्त गर्दै नियन्त्रक तथा महालेखा परीक्षक (CAG) द्वारा यी कोषहरूको उपयोगमा व्यापक लेखापरीक्षणको लागि आह्वान गरेको पनि बताउनु भएको छ ।

**वंदे मातरम**

समग्र देशले राष्ट्र-गीत **वंदे मातरमको** रचनाको 150औं वर्षको उत्सव मनाईरहेको छ। सात नोभेम्बर 1876 मा महान उपन्यासकार बंकिमचन्द्र चैटर्जीले यस गीतको रचना गर्नु भएको थियो र यसलाई आफ्नो उपन्यास आनंद मठमा सामेल गर्नु भएको थियो।यस गीतले भारतीयहरूका कैयन पुस्ताहरूलाई एकजुट रहन र राष्ट्रिय भावनामा गर्व गर्न प्रेरित गरेको छ।आज प्रस्तुत छ राष्ट्रगीत वंदे मातरमको भावपूर्ण गायन र यसको स्थायी विरासत बारे एक रिपोर्ट।

BYTE

**सन् 1947 मा भारत स्वतन्त्रताको लागि जागृत भयो ,त्यसबेला प्रख्यात हिन्दुस्तानी शास्त्रीय गायक पंडित ओंकारनाथ ठाकुरले संसदमा मध्यरातमा वन्दे मातरमको पूर्ण संस्करण गाएका थिए।सरदार वल्लभभाइ पटेलको आदेशमा, उहाँको भावपूर्ण प्रस्तुति नव स्वतन्त्र भारतको पहिलो संगीतमय मुटुको स्पन्दन बन्यो।प्रस्तुति रेकर्ड गरियो र भोलिपल्ट बिहान साढ़े बजी आकाशवाणीबाट प्रसारित गरियो।दशकौंदेखि, वन्दे मातरमले नयाँ आवाज, नयाँ अभिव्यक्ति र नयाँ भावनाहरू देखिएका छन। भारत रत्न एम.एस. सुब्बुलक्ष्मी र प्रख्यात भारतीय संगीतकार दिलीप कुमार रोयले वन्दे मातरमलाई आफ्नो सुमधुर आवाज़ दिएका छन्। 1997मा, स्वतन्त्रताको 50 वर्ष पूरा भएको उपलक्ष्यमा संयुक्त संसदीय सत्रको क्रममा, पंडित जसराजले पनि आफ्नो ओजस्वी र भक्तिमय वाणीले यो प्रतिष्ठित गीत प्रस्तुत गरे।वर्षौं देखि, वन्दे मातरम एक शाश्वत गीतको रुपमा विकसित भएको छ जसले मातृभूमि प्रति एकता, गौरव र प्रेमलाई प्रेरित गरिरहेको छ। शिवांग र सौम्याका रिपोर्टका साथ, समाचार कक्ष बाट रोशनी छेत्री**

**पार्थ च्याटर्जी-रिहा**

पश्चिम बंगालका पूर्व मन्त्री पार्थ च्याटर्जीलाई हिज अदालतले जमानत दिएपछि आज दिउँसो रिहा गरिएको छ। तीन वर्ष, तीन महिना १९ दिन कारावासमा बिताएपछि, उनी अन्ततः नक्तलास्थित आफ्नो घर फर्किएका छन्। पूर्व मन्त्री दिउँसो २ बजेर २० मिनटतिर बाइपास नजिकै ह्वीलचेयरमा अस्पतालबाट निस्किएपछि उपस्थित समर्थकहरूले नाराबाजी गर्दै स्वागत जनाए I शिक्षक भर्ती घोटाला (एसएससी भर्ती मुद्दा) को सम्बन्धमा पार्थ चटर्जीलाई २३ जुलाई २०२२ मा कोलकाताको नक्तलास्थित उनको घरबाट पक्राउ गरिएको थियो। उच्च अदालतले अगस्टमा चटर्जीको जमानत निवेदन स्वीकार गरे तापनि सर्वोच्च अदालतले तल्लो अदालतमा प्रमुख साक्षीहरूको बयान रेकर्ड गरेपछि मात्र उनलाई जेलबाट रिहा गरिने स्पष्ट पारेको थियो। मुद्दाका आठौं साक्षीले सोमबार आफ्नो बयान समाप्त गरेपछि अलिपुरको विशेष सीबीआई अदालतले पार्थ चटर्जीलाई रिहा गर्ने आदेश दिएको थियो I

**सुन्दरवन -प्रवेश प्रतिबन्ध**

आगामी ११ अनि १२ दिसम्बर पश्चिम बंगालको सुन्दरवन क्षेत्रमा पर्यटक प्रवेशमा पूर्ण प्रतिबन्ध लगाइनेछ। यस अवधिमा, वन विभागले प्रसिद्ध रोयल बंगाल बाघको बाघको गणना गर्नेछ। सुन्दरवन बाघ आरक्ष (STR) प्रशासनद्वारा जारी आधिकारिक निर्देशन अनुसार, यी दुई दिनमा सबै पर्यटकीय गतिविधिहरू - डुङ्गा चलाउने, क्रूज गर्ने र अन्य पर्यटकीय कार्यक्रमहरू - पूर्ण रूपमा निलम्बित गरिनेछ। अनलाइन बुकिङहरू पनि बन्द गरिनेछ ताकि विभागले बाघको जनसंख्यासँग सम्बन्धित वैज्ञानिक तथ्याङ्क सङ्कलनमा पूर्ण रूपमा ध्यान केन्द्रित गर्न सकोस्। वन विभागका एक वरिष्ठ अधिकारीले यस अभियानको एक भागको रूपमा, सुन्दरवनका विभिन्न क्षेत्रमा लगभग ४ हजार १ सय वर्ग किलोमिटर क्षेत्रफलमा कुल १ हजार ४ सय ८४ क्यामेरा ट्र्यापहरू जडान गरिनेछ। यी क्यामेराहरूले एक महिनासम्म बाघ र तिनीहरूको शिकार प्रजातिहरूको चालचलन निगरानी गर्नेछन्। त्यसपछि प्राप्त तथ्याङ्कलाई वास्तविक बाघको संख्या निर्धारण गर्न विश्लेषण गरिनेछ। अधिकारीले बाघ गणना पूर्ण वैज्ञानिक शुद्धताका साथ सञ्चालन गर्न चाहेको कारण अस्थायी रूपमा पर्यटन निलम्बन गरिएको बताउनु भएको छ ।